# उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन

गणेश बहादुर बिष्ट
दोस्रो वर्षको परीक्षा क्रमाङ्क : ४१३००६४/०६८
त्रि.वि.वि.दर्ता नं. : ९-२-४१३-२२२-२००६

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षको शोधपत्र (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत

शोधपत्र

२०६९

टीकापुर बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
टीकापुर, कैलाली

## त्रिभुवन विश्व विद्यालय
## टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली

### शोध निर्देशकको सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्य शोधार्थी श्री गणेश बहादुर बिष्टले मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमका साथ तयार गर्नु भएको प्रस्तुत शोध अध्ययनबाट म पूर्ण रूपमा सन्तुष्ट रहेको छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

---

उप प्रा. श्री लय खतिवडा

शोध निर्देशक

मितिः २०६९/ /

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय टीकापुर बहुमुखी क्याम्पस टीकापुरको शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि मैले **उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा रहेर प्रस्तुत कथाहरूको विश्लेषण गरेको छु ।

प्रस्तुत शोधपत्रलाई पुरा गर्दा विभिन्न विद्वान् तथा प्राज्ञिक व्यक्तिहरूबाट अमूल्य सहयोग, सुझाब र मार्ग निर्देशन प्राप्त भएको छ । सर्वप्रथम आफ्नो कार्य व्यस्तताका बाब्जुद पनि मलाई अमूल्य समय दिएर मार्ग निर्देशन प्रदान गर्नु हुने आदरणीय शोध निर्देशक गुरू उप.प्रा. लय खतिवडाज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई शोध प्रस्तावदेखि शोत्र पत्र तयार पारुन्जेलसम्म आफ्नो अमूल्य सुझाब दिएर सहयोग गर्नुहुने टीकापुर बहुमुखी क्यामपस टीकापुरका मेरा आदरणीय गुरूद्वय उप.प्रा. धनकृष्ण उपाध्याय र उप-प्रा. तिलक देव गिरीज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो सन्तानको उज्ज्वल भविष्य देख्न चाहने पूजनीय बुवा जवाल सिंह बिष्ट र ममतामयी आमा गंगादेवी बिष्टप्रति म सदा ऋणी छु । यस शोधपत्रलाई अन्तिम रूप दिउन्जेल उचित सल्लाह र सुझाब प्रदान गर्नुहुने आदरणीय दाजु टेक बहादुर बिष्टप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । यो शोध पत्रका निम्ति मलाई अमूल्य समय दिएर सहयोग गर्ने मेरी जीवन साथी रम्भा देवी बिष्टप्रति आभार प्रकट गर्दछु । भाइहरू नृप बिष्ट र नेत्र बिष्टलाई धन्यवाद दिन चाहन्छु । यस शोध पत्रको अन्तिम रूपसम्म समय र सल्लाह प्रदान गर्नु हुने श्री राष्ट्रिय उ.मा.वि. सुगरखाल सोल्टाका मेरा सहपाठी प्राचार्य श्री कृष्ण प्रसाद जैसी र अन्य सहपाठीज्यूप्रति आभार प्रकट गर्दछु । टीकापुर बहुमुखी क्याम्पस प्रमुख जगत बहादुर सिंह रावलज्यू अन्य प्राध्यापक तथा पुस्तकालय शाखाका कर्मचारीज्यूप्रति आभार प्रकट गर्दछु । मलाई अविस्मरणीय सहयोग गर्नु हुने मेरा मित्र हिमालय शर्मा र शुद्ध टङ्कन गरेर सहयोग गर्नु हुने मल्टिपल बुक्स एण्ड स्टेसनर्स टीकापुरका पृथ्वीराज ढुङ्गानालाई विशेष धन्यवाद दिन चाहन्छु ।

गणेश बहादुर बिष्ट

शोधार्थी

# शोधसार


| | | |
|---|---|---|
| शोध शीर्षक | : | **उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा सामाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन** |
| शोधार्थी | : | गणेश बहादुर विष्ट |
| शोध निर्देशक | : | उप.प्रा. लय खतिवडा |
| विभाग/क्याम्पस | : | नेपाली भाषा शिक्षा विभाग, टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली |
| शैक्षिक शत्र | : | २०६६/०६८ |
| पृष्ठ संख्या | : | १० + ७१ + ३ |
| अध्याय सङ्ख्या | : | ६ |

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र तयार गर्दा पुस्तकालयीय, क्षेत्र अध्ययन, वर्णनात्मक र नमुना छनोट विधिको प्रयोग गरिएको छ । कथाको सैद्धान्तिक परिचय दिनु, कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन गर्नु, कथाका पाठहरूको शैक्षणिक उपयोगिताको पहिचान गर्नु, कथाका पाठ र अभ्यास खण्डको सम्बन्ध पहिचान गर्नु यस शोधपत्र अध्ययनका उद्देश्यहरू रहेका छन् । यो अध्ययन उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ । यसमा प्राथमिक स्रोतका रूपमा विद्यार्थी र शिक्षकहरूबाट प्राप्त सूचना र द्वीतीय स्रोतका रूपमा मिल्दा शोधपत्र, पत्रिका, बुलेटिनलाई लिइएको छ । शिक्षक र विद्यार्थीहरूको जनसङ्ख्या र नमुना छनोट गरेर प्राप्त नतिजाको आधारमा निष्कर्ष निकालिएको छ ।

यस शोध पत्रको अध्याय एकमा शोधको परिचय अन्तर्गत शोधपत्रको शीर्षक, शोधको प्रयोजन, समस्या कथन शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययन विधि, अध्ययनको क्षेत्र र सीमा र शोध पत्रको रूपरेखा समावेश गरिएको छ । दोस्रो अध्यायमा कथाको सैद्धान्तिक अध्ययन अन्तर्गत सैद्धान्तिक परिचय, परिभाषा तत्व,

वर्गीकरण, पाठ्यक्रम, छनोट स्तरण, पाठ्य पुस्तक, पाठ्क्रम र पाठ्य पुस्तकको सम्बन्ध उल्लेख गरिएको  छ । अध्याय तिनमा कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन अन्तर्गत कथाका पाठहरूको तत्त्व, क्षेत्र, क्रम, अङ्क, समय, वर्गीकरणको अध्ययन गरिएको छ ।

अध्याय चारमा कथाका पाठहरूको शैक्षिक उपयोगिता अन्तर्गत, कथाका पाठको शैक्षणिक महत्त्व, उपयोगिता, प्रयोजन, भाषिक सिपको अध्ययन गरिएको छ । अध्याय पाँचमा कथामा रहेका पाठ र अभ्यासको विश्लेषण अन्तर्गत अभ्यासको परिचय, प्रश्नको प्रकृति, विश्लेषण, पाठ र व्याकरण सम्बन्धी अभ्यासको अध्ययन गरिएको छ । अध्याय छ मा उपसंहार अन्तर्गत निष्कर्ष, सुझाब, शोधकार्यको शैक्षिक उपयोगिता, सम्भाव्य शीर्षकहरू र सन्दर्भसूची समावेश गरिएको छ ।

अन्त्यमा उ.मा.वि. तहको अनिवार्य नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत शोधपत्रमा गरिएको छ । यो भाषा शिक्षणका सन्दर्भमा अध्ययन गर्ने भावी अध्यता एवम् अनुसन्धातालाई यो शोधपत्र सहयोगी बन्न सक्ने आशा गरिएको छ ।

# विषय सूची


पृष्ठ सङ्ख्या

**अध्याय : एक - शोधको परिचय** **१-९**

१.१ शोध शीर्षक १

१.२ शोधको प्रयोजन १

१.३ समस्या कथन १

१.४ अध्ययनको उद्देश्य २

१.५ पूर्वकार्यको समीक्षा २

१.६ अध्ययनको औचित्य र महत्त्व ५

१.७ अध्ययन विधि ६

१.८ अध्ययनको क्षेत्र र सीमा ८

१.९ शोधको रूपरेखा ८

**अध्याय : दुई - कथाको सैद्धान्तिक परिचय** **१०-२१**

२.१ परिचय १०

२.२ परिभाषा ११

२.३ कथाका तत्त्वहरू १२

२.३.१ कथानक १२

२.३.२ चरित्र १३

२.३.३ उद्देश्य १३

२.३.४ परिवेश १४

२.३.५ भाषाशैली १४

२.३.६ दृष्टि विन्दु १४

२.४ कथाको वर्गीकरण १५

२.४.१ विषयका आधारमा १६

२.४.२ उद्देश्यका आधारमा १६

२.४.३ रीति क्षेत्रका आधारमा १७

२.४.४ दृष्टि विन्दुका आधारमा १७
२.४.५ शैलीका आधारमा १७
२.५ पाठ्यक्रमको परिचय १८
२.६ छनोट र स्तरण १८
२.७ पाठ्य पुस्तकको परिचय १९
२.८ पाठ्यक्रम र पाठ्य पुस्तकको सम्बन्ध २०

**अध्याय : तिन - कथाका पाठको विश्लेषणात्मक अध्ययन २२-४२**

३.१ कथाका तत्वहरू २२
३.१.१ कथानक २२
३.१.२ चरित्र २५
३.१.३ परिवेश २८
३.१.४ उद्देश्य ३०
३.१.५ भाषाशैली ३२
३.२ कथा विधाको क्षेत्र र क्रम ३५
३.३ अङ्क र समय विभाजन ३६
३.४ कथाको वर्गीकरण ३९

**अध्याय : चार - कथाका पाठहरूको शैक्षणिक उपयोगिता ४३-५२**

४.१ कथाको शैक्षिक महत्त्व ४३
४.२ कथाको पाठहरूको शैक्षणिक उपयोगिता ४४
४.३ कथाको शैक्षणिक प्रयोजन ४५
४.३.१ मूल प्रयोजन ४५
४.३.२ गौण प्रयोजन ४६
४.३.२.१ सामाजिक अवस्थाको जानकारी गराउनु ४६
४.३.२.२ मनोविज्ञानको ज्ञान गराउनु ४७
४.३.२.३ आनन्दानुभूति प्रदान गराउनु ४७

४.३.२.४ भ्रातृत्त्वको विकास गर्नु ४७
४.३.२.५ नैतिक सन्देश दिनु ४८
४.४ भाषिक सिप ४८
४.४.१ सुनाइ सिप ४८
४.४.२ बोलाइ सिप ४९
४.४.३ पढाइ सिप ५०
४.४.४ लेखाइ सिप ५१

**अध्याय : पाँच - कथामा रहेका पाठ र अभ्यासको विश्लेषण ५३-६३**

५.१ परिचय ५३
५.२ प्रश्नको प्रकृति ५४
५.३ नमुना अभ्यास विश्लेषण ५६
५.४ पाठ र व्याकरण सम्बन्धी अभ्यास ५९

**अध्याय : छ - उपसंहार ६४-६८**

६.१ निष्कर्ष ६४
६.२ सुझावहरू ६६
६.३ शोधकार्यको शैक्षिक उपयोगिता ६७
६.४ सम्भाव्य शीर्षकहरू ६८

**सन्दर्भ सूची**

**परिशिष्टहरू**

# तालिका सूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका नं. १ | कथाको वर्गीकरण | १५ |
| तालिका नं. २ | कथाका पात्रहरू | २७ |
| तालिका नं. ३ | बोध गम्यता र रूचिपूर्णताका आधारमा कथा | ३४ |
| तालिका नं. ४ | कथा विधाको क्षेत्र र क्रम | ३५ |
| तालिका नं. ५ | वर्तमान उ.मा.वि. पाठ्यक्रम २०५७ ले व्यवस्था गरेको विषयवस्तुगत अङ्कभार | ३७ |
| तालिका नं. ६ | विधा, पाठ सङ्ख्या र पाठ्यभार | ३८ |
| तालिका नं. ७ | कथाका पाठ सङ्ख्या र समय विभाजन | ३८ |
| तालिका नं. ८ | नमुना अभ्यासको विश्लेषण | ५६ |
| तालिका नं. ९ | कथाका पाठ र नमुना अभ्यासको सम्बन्ध सम्बन्धी विवरण | ५९ |
| तालिका नं. १० | पाठ र व्याकरण सम्बन्धी अभ्यास | ६० |
| तालिका नं. ११ | कथाका पाठ र व्याकरण अभ्यासको सम्बन्ध सम्बन्धी विवरण | ६३ |